बैठक संख्या: १०
मिति २०७६।०८।२६

छलफल तथा निर्णयहरु

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आयोगको राय/सुझावका लागि प्राप्त 'मानवअधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (२०७६/७७-२०८०/८१)' को मस्यौदा सम्बन्धमा बैठकमा प्राप्त सुझावहरु समेत समेटी सुशासन तथा सामाजिक विकास महाशाखाले तयार गरेको राय/सुझाव पठाउने ।

२. नेपाल सरकारको तर्फबाट राष्ट्रिय योजना आयोग र संयुक्त राष्ट्र संघ Scaling Up Movement को संयुक्त आयोजनामा मिति २०७६ कार्तिक १८ देखि २१ गते तद्अनुसार सन् २०१९ नोभेम्बर ४ देखि ७ सम्म काठमाडौंमा आयोजना भएको Scaling Up Nutrition Global Gathering (SUNGG) 2019 - पाँचौं विश्व सम्मेलन सफलतापूर्वक सम्पन्न गर्न योगदान पुर्याउनु हुने सम्पूर्ण महानुभावहरु तथा सरकारी, संयुक्त राष्ट्रसंघीय निकाय, गैरसरकारी, निजी संघसंस्था, नागरिक समाज तथा सञ्चारकर्मीहरुलाई धन्यवाद प्रदान गर्ने।

३. आयोजना व्यवस्थापन सम्बन्धी कार्यसञ्चालन विधि (Standard Operating Procedures on Project Management) प्रतिवेदनलाई पूर्वाधार विषयक्षेत्र हेर्नुहुने माननीय सदस्यको संयोजकत्वमा पूर्वाधार तथा उत्पादन महाशाखाबाट पुनरावलोकन गरी परिमार्जन सहित आयोगको बैठकमा पुनः पेश गर्ने।

४. South Asian Policy Leadership for Improved Nutrition and Growth (SAPLING) initiative को निर्देशक समिति (Steering Committee) मा नेपालको तर्फबाट यस आयोगमा पोषण विषयक्षेत्र हेर्नुहुने माननीय सदस्य डा. उषा झालाई सदस्यका रुपमा प्रतिनिधित्व गर्नका लागि SAPLING बाट अनुरोध गरिएको विषय सम्बन्धमा नेपाल सरकारको नीति तथा प्राथमिकताहरु लाई क्षेत्रीय मञ्चमा प्रभावकारी एवम् सशक्तरुपमा अगाडि बढाउँदै लैजान उहाँलाई प्रतिनिधित्व गर्न सहमति प्रदान गर्ने ।

५. सुशासन तथा सामाजिक विकास महाशाखाबाट प्रस्तुत संयुक्तराज्य बेलायतको अन्तर्राष्ट्रिय विकास विभाग (DFID) को आर्थिक सहायतामा Global Panel on Agriculture and Food Systems for Nutrition ले राष्ट्रिय योजना आयोगसँग को सहकार्यमा २३ मङ्सिर २०७६ तद्अनुसार ९ डिसेम्बर २०१९ मा नेपालमा 'Positioning food systems to deliver healthy diets for all' विषयक उच्चस्तरीय गोलमेच छलफल कार्यक्रम गर्न प्रस्ताव गरेको सम्बन्धमा उक्त कार्यक्रम आयोगले सहआयोजकका रुपमा सञ्चालन गर्न सहमति प्रदान गर्ने र विषयक्षेत्र हेर्ने माननीय सदस्यको नेतृत्वमा सम्बन्धित महाशाखाले यस सम्बन्धी आवश्यक व्यवस्थापकीय कार्य अघि बढाउने।